छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ६ २०८० चैत्र २७

# भाग-२

# छायाँनाथ रारा नगरपालिका, मुगुको

# सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## छायाँनाथ रारा नगरपालिका सवारी पार्किङ सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

# सवारी पार्किङ सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

<u>प्रमाणिकरण तथा स्वीकृत मिति</u>
२०८०।१२।२७

सम्वत २०८० को ऐन नं. २९

**<u>सवारी पार्किङ व्यवस्थापन सम्बन्धि कानून तर्जुमा गर्न बनेको कार्यविधि</u>**

**<u>प्रस्तावना:</u>** छायाँनाथ रारा नगरपालिका भित्र रहेका धार्मिक, सांस्कृतिक सम्पदा तथा वातावरणको संरक्षण र सम्वर्द्धन गर्दै पालिकाको विभिन्न स्थान (राष्ट्रिय निकुञ्ज, शहरी क्षेत्र तथा पर्यटकीय क्षेत्र) मा सार्वजनिक तथा निजी सवारी साधनहरुको पर्किङ्गलाई व्यवस्थित गर्न, पार्किङ स्थलको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न, पार्किङबाट उठेको रकमलाई छायाँनाथ रारा नगरपालिकाको क्षेत्र भित्र आवश्यक पुर्वाधार विकास निर्माण क्षेत्रमा लगानी गर्न वाञ्छनिय भएकोले,

छायाँनाथ रारा नगरपालिकाको प्रशासकीय कार्यविधि ऐन (नियमित गर्ने), २०७५ को दफा ३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफ १०२ बमोजिम छायाँनाथ रारा नगरपालिकाको कार्यापालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद-१
## <u>प्रारम्भ</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम छायाँनाथ रारा नगरपालिका "सवारी पार्किङ सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) “ऐन” भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौं संशोधन) ऐन, २०७३ सम्झनु पर्छ।

(ख) “कार्यपालिका” भन्नाले छायाँनाथ रारा नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) “कार्यालय” भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्छ।

(घ) “सभा” भन्नाले नगरपालिकाको सभालाई सम्झनु पर्छ।

(ङ) “प्रमुख” भन्नाले नगर प्रमुखलाई सम्झनु पर्छ।

(च) “उपप्रमुख” भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिका कार्यालयको कर्मचारीको प्रमुख अधिकृतको रुपमा कामकाज गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्दछ।

(ज) “वडा अध्यक्ष” भन्नाले तत् वडाबाट निवार्चित वडा अध्यक्ष सम्झनु पर्छ।

(झ) “बसपार्क” भन्नाले छायाँनाथ रारा नगरपालिकाको स्वामित्वमा रहेको बसपार्कलाई सम्झनु पर्छ।

(ञ) “गाडी” भन्नाले बसपार्क भित्र पार्किङ गर्ने चारपाङ्ग्रे सार्वजनिक सवारी साधन अर्थात बसलाई सम्झनु पर्छ।

(ट) “पार्किङ” भन्नाले नगरपालिकाले तोकेको स्थान तथा क्षेत्रमा निजी र सार्वजनिक सवारी साधन पार्क गर्ने स्थानलाई सम्झनु पर्छ।

(ठ) “समिति” भन्नाले नगर कार्यपालिकाबाट गठीत पूर्वाधार विकास समितिलाई सम्झनु पर्छ।

(ड) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ढ) “नगरक्षेत्र” भन्नाले छायाँनाथ रारा नगरपालिका क्षेत्रलाई सम्झनु पर्छ।

(ण) “संरक्षण क्षेत्र” भन्नाले प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक स्रोतको सन्तुलित उपयोगको लागि एकीकृत योजना अनुसार व्यवस्थापन गरिने क्षेत्र सम्झनु पर्छ।

(त) “मध्यवर्ती क्षेत्र” (वफर जोन) भन्नाले स्थानीय जनताहरुलाई नियमित रुपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नको लागि राष्ट्रिय वा आरक्षण वरिपरिको क्षेत्र सम्झनु पर्छ।

(थ) “जैविक मार्ग” भन्नाले वन्यजन्तुहरु एक बासस्थानबाट अर्को बासस्थानमा आवत जावत गर्ने बाटो सम्झनु पर्छ।

(द) “संरक्षण” भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि नेपाल सरकारबाट नियुक्त व्यक्ति सम्झनु पर्छ।

(ध) “स्थानीय जनता” भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्षण, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा स्थायी बसोवास भएका जनतालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## नगर क्षेत्रको पार्किङ क्षेत्र तथा स्थानको व्यवस्था

३. **नगर क्षेत्र पार्किङ क्षेत्र तथा स्थानको व्यवस्थाः** (१) नगर क्षेत्रमा पार्किङ व्यवस्था देहाय बमोजिम हुनेछ।

(क) पूर्वाधार विकास समितिको सिफारिसमा नगर कार्यपालिकाले पार्किङ स्थल (राष्ट्रिय निकुञ्ज, शहरी क्षेत्र तथा पर्यटकीय क्षेत्र, शहरी तथा निजि सवारी साधन पार्किङ) तोके बमोजिम हुनेछ,

(ख) नगर कार्यपालिकाले नो पार्किङ क्षेत्र तोक्न सक्नेछ। यस्ता क्षेत्रमा पार्किङ गर्न पाईने छैन,

(ग) मुख्य बजार क्षेत्रमा ठुला सवारी साधन र ढुवानीका साधनहरु चल्न (गुडन) पाउने समय तथा रुट तोक्न सक्नेछ,

(घ) बसपार्क भित्रको पार्किङ व्यवस्थापन छायाँनाथ रारा नगरपालिका बसपार्क व्यवस्थापन कार्यविधि, २०८० बमोजिम हुनेछ,

(ङ) रारा राष्ट्रिय निकुञ्ज भित्र रारा ताल जाने पर्यटकको सवारी साधन सुरक्षाको लागि रारा राष्ट्रिय निकुञ्जको सहकार्यमा पार्किङ स्थल निर्माण गर्न सक्नेछ।

(च) नगरको पार्किङ व्यवस्थापनलाई प्रभावकारी बनाउन सहकार्य तथा सहयोगका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय संग समन्वय गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि राष्ट्रिय निकुञ्ज, शहरी क्षेत्र तथा पर्यटकीय क्षेत्रको प्रकृतिक बनोट वा सौन्दर्यमा कुनै किसिमले हानी, नोक्सानी वा क्षति पर्ने गरि तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौं संशोधन) ऐन, २०७३ को दफा ३ख. को उपदफा (२) को व्यवस्थाको विपरित पार्किङ स्थल राख्न पाईने छैन।

४. **तोकिएका पार्किङ क्षेत्र तथा स्थानको संचालन तथा व्यवस्थापनः** (१) नगरपालिकाले तोकेका पार्किङ क्षेत्र र स्थानको संचालन तथा व्यवस्थापन देहाय बमोजिम हुनेछ।

(क) नगरपालिकाले पार्किङ स्थालको सूचना र साईन बोर्ड लगायतका माध्यमबाट सरोकारवाला र सर्वसाधारणलाई जानकारी गराउने व्यवस्था गर्नेछ,

(ख) पार्किङका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ,

(ग) तोकिएका पार्किङ क्षेत्रको सरसफाई र सुरक्षाको व्यवस्था तोकिए बमोजिम हुनेछ,

(घ) पार्किङ क्षेत्र तथा स्थानलाई निजी सार्वजनिक साझेदारीमा र स्वयम नगरपालिकाले पनि संचालन गर्न सक्नेछ,

(ङ) पार्किङ क्षेत्र तथा स्थानको शुल्क राजश्व परामर्श समितिले तोके बमोजिम हुनेछ,

(च) रारा राष्ट्रिय निकुञ्ज भित्र रारा ताल जाने क्षेत्रमा पार्किङ स्थलको संचालन, पार्किङ शुल्क संकलन नगरपालिकाले रारा राष्ट्रिय निकुञ्जको सहकार्य तथा सम्झौताको आधारमा गर्नेछ,

(छ) पार्किङ क्षेत्र तथा स्थानको सम्झौता अवधि तोकिए बमोजिम हुनेछ।

५. <u>**सवारी पार्किङ शुल्क ठेक्काबाट उठाउने कार्यः**</u> (१) यस छायाँनाथ रारा नगरपालिकाबाट आन्तरिक आम्दानी संकलनका लागी तोकिएको शर्तको अधिनमा रहि कानून बमोजिम रितपूर्वकको गोप्य शीलबन्दी बोलपत्र पेश गर्न सक्नेछ।

(२) छायाँनाथ रारा नगरपालिका क्षेत्र भित्र विभिन्न स्थानमा समुह विभाजन गरी कानून बमोजिम आय ठेक्का द्वारा सार्वजनिक रुपमा बोलपत्र आह्वान गरिएका निम्न क्षेत्रमा, बोलपत्रमा तोकिएको सवारी, लेन र क्षेत्र छुट्टिने गरी रेखात्मक गरी सूचना पाटी राखी सवारी पार्किङ सञ्चालन गर्ने।

(३) सवारी पार्किङ रहने स्थानको प्रारम्भ र अन्तिम बिन्दुमा न्यून्तम देहायको सूचना राखी सूचना पाटी राख्नेछ।

(क) पार्किङ क्षेत्रको नाम,

(ख) रेखात्मक चिन्ह बाहिर राखिएका सवारी साधनहरुलाई तोकिए बमोजिम जरिवाना गरिनेछ,

(ग) सवारी साधन चोरी वा अन्य क्षति भएमा नगरपालिका जिम्मेवार नहुने,

(घ) रेखात्मक क्षेत्रमा तोके अनुसार सवारी पार्किङ गर्नु पर्नेछ,

(ङ) सवारी पार्किङको समय तोकिए बमोजिम हुनेछ,

(च) सवारी साधन पार्किङ गर्दा तोकिएको ढाँचामा मात्र पार्किङ गर्नु पर्नेछ।

६. <u>**पार्किङ व्यवस्थापनका लागि आर्थिक (कोषको) व्यवस्थाः**</u> (१) पार्किङ व्यवस्थापनको लागि आर्थिक व्यवस्था देहाय बमोजिम हुनेछ।

(क) पार्किङ स्थल ठेक्का र पार्किङ स्थलका पसल (सटर) वहालबाट प्राप्त हुने रकम,

(ख) नगरपालिकाले विनियोजन गरेको रकम,

(ग) वार्षिक योजना बमोजिम कार्यपालिकाको निर्णय बमोजिम तोकेको बजेटबाट आवश्यक मर्मत सम्भार नगरपालिकाको नियम अनुसार गरिनेछ,

(घ) पार्किङ स्थालबाट संकलित रकम नगरपालिकाको कोषमा जम्मा हुनेछ।

(२) दफा ५ को उपदफा (१) को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भएपनि रारा राष्ट्रिय निकुञ्ज क्षेत्र (रारा ताल नजिकै, निकुञ्ज भित्र) सवारी साधन पार्किङ

क्षेत्रबाट उठेका रकम दफा ६ को उपदफा (१) को खण्ड (ख) बमोजिम रकम छुट्ट्याएर मात्र रकम कोषमा जम्मा गरिनेछ।

७. **कोषको उपयोगः** (१) कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः-

(क) पर्किङ्ग स्थल (राष्ट्रिय निकुञ्ज, शहरी क्षेत्र तथा पर्यटकीय क्षेत्र, निजि सवारी साधन पार्किङ) बाट उठेका रकमबाट सोही स्थान तथा नगरपालिकाको विकासको लागि आवश्यकता अनुसार कार्यपालिकाको निर्णय बमोजिम खर्च गरिनेछ,

(ख) रारा राष्ट्रिय निकुञ्ज क्षेत्र (रारा ताल नजिकै) सवारी साधन पार्किङ क्षेत्रबाट उठेका रकमबाट रारा ऋणीमोक्ष मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, झ्यारी सामुदायिक वन उपभोक्ता समुहको विकास निर्माणमा समितिको निर्णय अनुसार खर्च गर्ने तथा रारा तालको व्यवस्थापनको लागि सत्तरी प्रतिशत रकम र बाँकी तिस प्रतिशत रकम नगरपालिकाको कार्यपालिकाले निर्णय गरे बमोजिम स्थानीय जनताको विकासको लागि खर्च गरिनेछ,

(२) उपदफा (१) मा लेखिएको बाहेक कोषको रकम अन्य काममा उपयोग गर्न सकिने छैन।

७. **कार्यान्वयन गर्ने समिति र कोषको परिचालनः** (१) कोषको सञ्चालन तथा खर्च, व्यवस्थापन र कार्यान्वयन गर्ने काम नगरपालिकाले गर्नेछ।

(२) नगरपालिका स्तरीय पार्किङ व्यवस्थापन आर्थिक (कोष) बाट उठेको रकम नगरपालिकाको कार्यपालिकाले गरेको निर्णय बमोजिम नगरपालिका तथा पार्किङ स्थलको विकास क्षेत्रमा खर्च गरिनेछ।

## परिच्छेद-३

## निर्देशन समिति तथा काम, कर्तव्य र अधिकार

८. **निर्देशन समितिः** (१) नगरपालिकाले पार्किङ व्यवस्थापनका लागि आवश्यक निर्देशन दिई नीतिगत रुपमा सहयोग पुर्याउनका लागि देहाय बमोजिम पार्किङ निर्देशन समिति हुनेछ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | -अध्यक्ष |
| (ख) | जिल्ला ट्राफिक कार्यालय प्रमुख | -सदस्य |
| (ग) | जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | -सदस्य |
| (घ) | यातायात व्यवसायीको प्रतिनिधि | -सदस्य |
| (ङ) | नेपाल आर्मि सुरक्षा पोष्ट | -सदस्य |

(च) नगरपालिकाको पूर्वाधार विकास समिति संयोजक -सदस्य

(छ) नगर प्रमुखले तोकेको यातायात व्यवस्यीहरुको प्रतिनिधि एक जना -सदस्य

(ज) रारा राष्ट्रिय निकुञ्जको तर्फबाट एक जना प्रतिनिधि -सदस्य

(झ) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

(ञ) सम्बन्धि वनको उपभोक्ता समितिको अध्यक्ष -सदस्य

(ट) शहरी पूर्वाधार विकास शाखा प्रमुख -सदस्य

(ठ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

९. **<u>निर्देशन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) निर्देशन समितिको काम कर्तव्य तथा अधिकार निम्नानुसार हुनेछ।

(क) नगरको यातायातमा पर्किङ्गलाई व्यवस्थापन गर्न पूर्वाधार विकास समितिको कार्यमा आवश्यक सहजिकरण र सहयोग पुर्याउने।

(ख) पार्किङका विषयमा भौतिक पूर्वाधार विकास समितिको कार्ययोजनालाई स्वीकृत दिने।

(ग) नगरको पार्किङ क्षेत्रको आवश्यक अनुगमन निरीक्षण गर्ने।

(घ) सवारी पार्किङ स्थलको निरीक्षण गरी सुधारका लागि सुझाव दिने,

(ङ) नयाँ क्षेत्र पहिचान गरी रेखात्मक र सूचना पाटी राख्नका लागि सुझाव दिने,

(च) दीर्घकालीन व्यवस्थापनका लागि प्रतिवेदन सहित सुझाव दिने,

(छ) अन्तर र बाह्य निकाय समन्वयका लागि सम्बन्धित कार्यलयसँग प्रतिनिधि माग गरी कार्य गर्ने,

(ज) आवश्यकता अनुसार अन्य कार्य गर्ने गराउने।

१०. **<u>पार्किङ व्यवस्थापन सम्बन्धि पूर्वाधार विकास समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) पार्किङ व्यवस्थापनका लागि पूर्वाधार विकास समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पार्किङ क्षेत्र र सोमा निर्माण भएका संरचना (सटरहरु) ठेक्का लिएको व्यक्ति वा संस्थाको कार्य के कसरी भैरहेकोछ सोको नियमित जानकारी लिने,

(ख) पार्किङ स्थान सञ्चालनको जिम्मा लिएको पक्षले सम्झौता बमोजिम कार्य गरे नगरेको अनुगमन र सहजिकरण गर्ने,

(ग) पार्किङ क्षेत्रमा देखिएका समस्या समाधानका लागि सरोकारवाला सहितको छलफल अन्तर्क्रिया गर्ने,

(घ) पार्किङ क्षेत्र भित्र यस कार्यविधिमा तोकेका कार्यहरु गर्ने गराउने र नगरपालिकामा जानकारी गराउने,

(ङ) पार्किङ सम्बन्धि नगर कार्यपालिकाबाट भएका निर्णयहरु कार्यान्वयन गराउने,

(च) पार्किङ क्षेत्रको सुरक्षाका लागि तोकिएका स्थानमा चौकिदार, सिसिटिभि क्यामेरा, फुलबारीका लागि माली आदि लगायतको व्यवस्था पहल गर्ने।

## परिच्छेद-४
## दण्ड जरिवाना

११. **<u>दण्ड जरिवानाः</u>** (१) यस कार्यविधिको पालना नगरेमा देहाय बमोजिम दण्ड जरिवाना हुनेछ।

(क) पार्किङ तोकिएको स्थानमा सवारी साधन पार्किङ गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ,

(ख) नो-पार्किङ स्थल तथा तोकिएको स्थान बाहेकमा पार्किङ गरिएमा सवारी साधनहरुलाई तत्काल नियन्त्रणमा लिई नगरपालिकाले तोकिए बमोजिम जरीवाना गर्न सक्नेछ,

(ग) अनुमति नदिएको वा निषेधित क्षेत्रमा गाडी चलाएमा नगरपालिकाले तोकिए बमोजिम जरीवान हुनेछ,

(घ) पार्किङ क्षेत्रको भौतिक संरचना तोडफोड गरेमा सम्बन्धित तोडफोड गर्ने पक्षले तोकिए बमोजिम जरिवाना तथा मर्मत सम्भार समेत गर्नु पर्नेछ,

(ङ) बसपार्कको हकमा छायाँनाथ रारा नगरपालिका बसपार्क व्यवस्थापन कार्यविधि, २०८० को दफा ९ बमोजिम दण्ड तथा जरिवाना गर्नु पर्छ,

(च) यस कार्यविधिको दफा ३ को उपदफा (२) विपरित कुनै कार्य गरेमा रारा राष्ट्रिय निकुञ्जको हकमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौं संशोधन) ऐन, २०७३ को दफा २६ बमोजिम दण्ड सजाय हुनेछ,

(छ) यस कार्यविधिको दफा ३ को उपदफा (१) को खण्ड (ख) विपरित कुनै कार्य गरेमा तोकिए बमोजिम जरीवान हुनेछ,

(ज) यस कार्यविधिको दफा ३ को उपदफा (१) को खण्ड (ग) विपरित कुनै कार्य गरेमा तोकिए बमोजिम जरीवान हुनेछ,

१२. **<u>शुल्क निर्धारण सम्बन्धि व्यवस्थाः</u>** (१) रारा राष्ट्रिय निकुञ्जको हकमा नेपाल सरकारले तोकेको शुल्क तथा रारा राष्ट्रिय निकुञ्जको दर र अन्यको हकमा छायाँनाथ रारा नगरपालिकाको आर्थिक ऐन र कार्यपालिकाको निर्णय तथा नगरपालिकाको राजश्व परामर्श समितिले निर्धारण गरेको शुल्क लिनु पर्नेछ।

## परिच्छेद-५
## विविद

१३. **बाधा अड्काउ फूकाउने:** यस कार्यविधिको प्रयोग, कार्यान्वयन तथा सञ्चालन गर्ने कार्यमा कुनै बाधा अड्काउ परेमा, नगरपालिकाको कार्यपालिकाले बाधा अड्काउ फुकाउने छ ।

१४. **संशोधनः** (१) यस कार्यविधिमा संशोधन गर्न आवश्यक देखिएको खण्डमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

अनुसूची-१

छायाँनाथ रारा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

गमगढी, मुगु।

**सवारी पार्किङ शुल्क**

(क) पार्किङ शुल्कको हकमा नगरपालिकाको स्वीकृत आर्थिक ऐनमा उल्लेख भए बमोजिमको दररेटमा मात्र रकम असुल गर्न पाउनेछ।

नोटः बसपार्क भित्रको सवारी पार्किङ शुल्क छायाँनाथ रारा नगरपालिका बसपार्क व्यवस्थापन कार्यविधि, २०८० बमोजिम हुनेछ।

प्रमाणित मितिः २०८०/१२/२७ गते

**आज्ञाले,**

पशुपती शाही

नि.प्रमुख प्रशाकीय अधिकृत